# फिदिम नगरपालिका

## स्थानीय राजपत्र

(फेदेन पत्र)

खण्ड :३ संख्या :८ मितिः २०७६।०५।०२

## भाग-२

## फिदिम नगरपालिका

# फिदिम नगरपालिकामा साना सवारि दर्ता, नविकरण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७६

आज्ञाले,

विनोद कुमार दाहाल

प्रमुख प्रशासकीय अधिकृत

# फिदिम नगरपालिकामा साना सवारि दर्ता, नविकरण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७६

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मिति | २०७६।०४।३२ |
| प्रमाणिकरण भएको मिति | २०७६।०५।०१ |


फिदिम नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

फिदिम,पाँचथर

१ नं. प्रदेश,नेपाल

# फिदिम नगरपालिकामा साना सवारि दर्ता, नविकरण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७६

कार्यपालिकाबाट स्वीकृत मिति :२०७६।०४।३२

फिदिम नगरपालिकामा साना सवारी दर्ता, नवीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि –२०७६फिदिम नगरपालिका क्षेत्रभित्र सवारी साधनको प्रयोगलाई व्यवस्थित गर्दै सवारी साधनको दर्ता एवं नवीकरणबाट नगरपालिकाको आय प्रर्वद्धन गर्न साथै नगरपालिका क्षेत्रभित्र सवारीसाधनको व्यवसायीकरणलाई स्वस्थ एवं मर्यादित बनाउन बाच्छनीय भएकाले स्थानीय सरकार संचालन एन २०७४ को दफा ११ ले दिएको अधिकार प्रयोग गर्दै फिदिम नगरकार्यपालिकाले यस कार्यविधि पारित गरि लागु गरेको छ।

## परिच्छेद – १

### प्रारम्भिक

**१.सक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम **"फिदिम नगरपालिका साना सवारीसाधन दर्ता, नवीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६"** रहेको छ।

ख)यो कार्यविधि तुरुन्तलागू हुनेछ।

**२. परिभाषा र व्याख्या :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधि

(क)"**नगरपालिका"** भन्नाले फिदिम नगरपालिकालाई सम्झनु पर्दछ।

(ख)"**नगर कार्यपालिका"**भन्नाले फिदिम नगरकार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) **"प्रमुख"** भन्नाले यस फिदिम नगरपालिकाको प्रमुख सम्झनुपर्नेछ।

(घ) **"उपप्रमुख"** भन्नाले यस फिदिम नगरपालिकाको उपप्रमुख सम्झनुपर्नेछ।

(ङ) **"कार्यपालिका सदस्य"** भन्नाले यस फिदिम नगर कार्यपालिकाको सदस्यहरुलाई सम्झनुपर्नेछ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले यस फिदिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्नेछ।

(छ)"**सवारी दर्ता"** भन्नाले नेपाल सरकार वा प्रदेश सरकार मातहतका निकायमा दर्ता भई यस नगरपालिका क्षेत्रभित्र प्रयोगमा ल्याएका साना सवारी साधनलाई कुनै व्यक्ति, संस्था वा व्यवसायीद्धारा यस कार्यालयमा अभिलेखीकरण गर्ने कार्य बुझाउनु पर्दछ।

(ज)"**दर्ता अधिकारी"** प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको अधिकृत स्तरको कर्मचारी सम्झनु पर्दछ।

(झ)"**क्षेत्र भन्नाले"**फिदिम नगरपालिका क्षेत्र सम्झनु पर्नेछ।

(ञ)"**विशेष क्षेत्र"** भन्नाले नगरपालिकाको क्षेत्र फिदिम बजार सम्झनु पर्नेछ।

(ट)"**सानासवारी साधन"** भन्नाले– नगरपालिका क्षेत्रभित्र चल्ने टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा र पावर ट्रिलर लगायतलाई सम्झनु पर्दछ ।

(ठ)"**सवारी पास"** भन्नाले दिएको अधिकार प्राप्त निकायले कुनै सार्वजनिक विदा वा कुनै विशेष समयमा सवारी प्रयोग गर्न लिखित रुपमा दिएको अनुमति पत्र वा निस्सा भन्ने बुझिन्छ।

(ड) तोकिएको वा तोकिए बमोजिम भन्नाले नगर कार्यपालिकाको कार्यालय वा अन्य अख्तियार प्राप्त निकायले निर्धारण गरेको व्यवस्था सम्झनु पर्दछ।

# परिच्छेद– २

## सवारीसाधन दर्ता र नवीकरण सम्बन्धी व्यबस्था

**३. दर्ता गर्नु पर्ने :**

(क)नगरपालिका क्षेत्रभित्र रहेका साना सवारी साधनले कार्यालयमा आफ्नो सवारी साधन दर्ताका लागि **अनुसूची –१** को ढाँचामा दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्ने छ । यसरी निवेदन प्राप्त भएपश्चात दर्ता अधिकारीले ७ दिन पश्चात सवारी धनीलाई **अनुसूची –२** बमोजिमको ढाँचामा दर्ता प्रमाण पत्र दिनु पर्नेछ ।

**४. दर्ता नवीकरण :** दफा ३ बमोजिम दर्ता भएका साना सवारी साधनहरुको सवारी धनीले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सवारी साधन नवीकरणका लागि **अनुसूची ३** का ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ । निवेदन प्राप्त भएपछि दर्ता अधिकारीले ३ दिन भित्र नवीकरणको प्रमाण पत्र सम्बन्धित सवारी धनीलाई दिनेछ । निर्धारित समय भित्र दर्ता नगर्ने सवारी साधनलाई पहिलो ३ महिना भित्र थप दोब्बर र त्यसपछि तेब्बर दस्तुर लिई दर्ता गरिने छ ।

**५. दर्ता तथा नवीकरण दस्तुर सम्बन्धी व्यवस्था :** सवारी साधनहरुको दर्ता र नवीकरण दस्तुर **फिदिम नगरपालिकाको आर्थिक ऐन, २०७६** मा उल्लेख भए बममोजिम हुनुपर्नेछ ।

# परिच्छेद – ३

## सवारी साधन प्रयोग सम्बन्धी व्यवस्था

**६. सवारी रुट तोक्न सक्ने :**

(क) कार्यालयले सवारी साधनको आवागमनलाई व्यवस्थितगर्न विशेष क्षेत्रतोकी सवारी रुट तथा सवारी आवतजावतको समय तोक्न सक्नेछ ।

(ख) (क) बमोजिम निर्धारण गरिएको रुटमा सवारी साधन चलाउनु पर्ने व्यवस्था पालना नगर्नेलाई तोकिएको जरिवाना लिई कारवाही गरिने छ ।

(ग) प्रचलित ऐन नियम र व्यवस्थाको पालना गर्नु पर्ने : सबै प्रकारका सवारी धनी तथा सवारी चालकले यातायात सवारी सम्बन्धी ऐन, कानुन, नियमावली निर्देशिकाको अक्षरस पालना गर्नु पर्दछ ।

**७. क्षमता भन्दा बढी यात्रु वा भार बोक्न नपाइने :**

(क) कुनै पनि किसिमको यात्रु बाहक सवारी साधनले सिट क्षमता भन्दा बढी यात्रु ओसार पसार गर्न पाईने छैन।

(ख) कुनै पनि किसिमको मालबाहक सवारी साधनले क्षमता भन्दा बढी भए उक्त मालसामान ढुवानी गर्न पाउने छैन।

(ग) उपदफा (क) र (ख) को प्रतिकुल हुनेगरी सवारी साधन संचालन गरेमा तोकिए बमोजिम जरीवाना वा सजाय हुनेछ।

८. दफा ७ र ८ को प्रतिकुल गर्ने सवारीधनीलाई वा सवारी चालकलाई अनुसूची ४ बमोजिम जरिवाना गरिनेछ।

**९. सडक सुरक्षा सम्बन्धी व्यवस्था :**नगरपालिका क्षेत्रभित्रका सडकहरुको सुरक्षित तवरले प्रयोग गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ । कुनै काबु बाहिरको परिस्थितिमा बाहेक जवरजस्ती वा अन्य कुनै अशोभनीय मानवीय गतिविधिबाट वा हेलचेक्याईले  सडक संरचना विग्रेको पाइएमा सम्बन्धीत सवारी धनीले सो सडक मर्मत गर्नु पर्नेछ

# परिच्छेद – ४

## विविध

**१०. सवारी पास सम्बन्धी व्यावस्था :**

(क) नगरपालिका क्षेत्रभित्र नचलाउन भनी तोकिएको कुनै विशेष समयमा सवारी चलाउनु परेमा कार्यालय बाटै सवारी पास अनिवार्य लिनु पर्नेछ।

**११. चेक जाँच गरिने :** कार्यालयले नगरपालिकाको जुनसुकै क्षेत्रमा स्थानीय प्रशासनसंग समन्वय गरी सवारी साधन छड्के चेकजाँच गरिनेछ । यसरी चेकजाँच गर्दा यस कार्यविधिमा भएका व्यवस्थालाई उल्लेघन गरेको पाईएमा तोकिए बमोजिम जरिवाना असुल उपर गरिने छ।

**१२. यसै बमोजिम भएको मानिने :** नगरपालिकाको सवारी व्यवस्थापन सम्बन्धमा यस अघि कार्यपालिका वा कार्यपालिकाको कार्यालयको समन्वयमा भएका सर्वपक्षीय भेलाका निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ।

# अनुसूची – १

**कार्यविधिको  दफा ३ सँग सम्बन्धित सवारी साधन दर्ताका लागि सवारीधनीले दिने निवेदनको ढाँचा**

मिति:

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

फिदिम नगरपालिकाको कार्यालय

फिदिम, पाँचथर

विषय :– सवारी साधन दर्ता गरी पाऊँ ।

महोदय,

प्रस्तुत सम्बन्धमा फिदिम नगरपालिका वडा नं.......बस्ने वर्ष............को म श्री/श्रीमती/सुश्री.............................को स्वामित्वमा रहेका सवारी नं...............................को सवारीसाधन टाँगा/ रिक्सा/ अटोरिक्सा/ विद्युतीय रिक्सा / पावर ट्रिलरतहाँ कार्यालयमा दर्ताका लागि तपसीलको कागजात संलग्न गरि दर्ताका लागि यो निवेदन पेश गरेको छु ।

श्रीमानको जो आदेश

**संलग्न कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

२. पासपोर्ट साईजको फोटो २ प्रति

३. सवारी साधनको ब्लुबुकको प्रतिलिपी

सवारीधनीको नाम :

ठेगाना :

सम्पर्क नं.

मिति :

# अनुसूची – २

## कार्यविधिको दफा – ३ सँग सम्बन्धित सवारी दर्ता प्रमाण–पत्र

फिदिम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, फिदिम, पाँचथर

प्रदेश १ नेपाल

## सवारी दर्ता प्रमाण–पत्र

| | |
|---|---|
| सवारी साधनको किसिम<br><br>सवारी साधनको दर्ता नम्वर<br><br>सवारी साधनको ईन्जिन नम्वर<br><br>सवारी साधनको चेसिस नम्वर | सवारी साधन धनिको फोटो<br><br>सवारी धनीको नाम<br>सवारी धनिको ठेगाना<br>सवारी धनिको नागरिकता नम्वर |

सवारी साधन दर्ता मिति

वहाल रहने अवधि

# अनुसूची – ३

**कार्यविधिको दफा ४ सँग सम्बन्धित सवारीसाधन नवीकरणका लागि सवारीधनीले दिने निवेदनको ढाँचा**

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

फिदिम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

फिदिम, पाँचथर

विषय : सवारी साधन नवीकरण गरि पाऊँ।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयमा मिति ............................मा दर्ता भएको मेरो स्वामित्वमा रहेको सवारीसाधन टाँगा/ रिक्सा/ अटोरिक्सा/ विद्युतीय रिक्सा / पावर ट्रिलरकार्यालयको नियमानुसार नवीकरण गरिदिनु हुन तपसीलको कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु।

श्रीमानको जो आदेश।

**संलग्न कागजातहरु**

१. दर्ता प्रमाण–पत्रको सक्कल प्रतिलिपी

२. सवारी साधनको ब्लुबुकको प्रतिलिपी

सवारीधनीको नाम :

ठेगाना :

सम्पर्क नं.

मिति :

# अनुसूची – ४

**<u>कार्यविधिको दफा ९ सँग सम्बन्धित जरिवाना सम्बन्धि व्यवस्था</u>**

१. निषेधित समयमा बजार क्षेत्रमा सवारी चलाएमा रु. ५००।– (पाँच सय)